का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ जेठ २०८२,
शनिबार
17 May, 2025
Saturday
मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १०४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गठबन्धन टुटाउन 'प्रचण्ड' कसरत



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

सरकारको प्रमुख सहयात्री दल नेपाली कांग्रेसका सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवालाई रिझाएर सत्ता परिवर्तनको खेलमा परिणाम निकाल्ने प्रयत्नमा लागेको प्रमुख प्रतिपक्षी दल नेकपा (मओवादी केन्द्र)ले अनेक तिकडम गरिरहेको छ ।

विगत १० महिनादेखि सत्ताको प्यास लागेको माओवादी केन्द्र कुनै हालतमा वर्तमान सरकार गिराएर आफू सत्तामा पुग्ने रणनीतिअन्तर्गत निरन्तर देउवा रिझाउन लागिपरेको हो ।

तर, सभापति देउवाले यसअघि नै यही गठबन्धन सरकारलाई अझ बलियो बनाउँदै अघि बढ्ने प्रस्ट पारिसकेका छन् । उनले अहिले नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई दिएको समर्थनबाट पछि नहट्ने प्रचण्डलाई भनिसके पनि माओवादी केन्द्रका केही नेता तथा सांसदहरू अझै देउवालाई गलाउने लाइनमा छन् । यद्यपि, देउवा अहिले नै एमालेलाई दिएको समर्थन फिर्ता गर्ने अवस्थामा छैनन् ।

यसैको वरिपरि घुमेका उक्त दलका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' कसरी हुन्छ, पूर्वप्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति देउवालाई रिझाउन चाहन्छन् । त्यसैअनुरूप शुक्रबार माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले देउवाको गृह जिल्ला डडेल्धुरा पुगेर देउवासँग टेलिफोन संवाद गरेका थिए । उक्त संवादलगत्तै माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा देउवा निवास बूढानीलकण्ठ पुगेर भेटवार्ता गरेका छन् ।

उपमहासचिव शर्माले कांग्रेस सभाति देउवासँग शुक्रबार दिउँसो निवासमै पुगेर भेटघाट गरेका सामाजिक संजालमार्फत जानकारी दिए । 'पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग देशको समसामयिक राजनीतिक परिस्थितिबारे छलफल', उनले सामाजिक संजालमार्फत सार्वजनीक गरेका छन् ।

देउवा र जनार्दनबीच भएको भेटको तस्बिरलाई माओवादी केन्द्रका कार्यकर्ताहरूले सामाजिक संजालमा पोस्ट गर्दै ओली नेतृत्वको सरकार ढल्ने संकेत भनेका छन् । शर्मा देउवा प्रधानमन्त्री हुँदा उनको क्याबिनेटमा अर्थमन्त्री थिए ।

१७ असार २०८१ मा संसद्का प्रमुख २ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको ७ बुँदे सहमतिलाई कार्यान्वयन गर्दै बनेको वर्तमान सरकारले स्थिरता, सुशासन र विकासकाको नारालाई व्यवहारमा ल्याउन नसकेको आमटिप्पणी भइरहेको छ। पृष्ठ २ मा

## सगरमाथा संवाद

# जलवायु परिवर्तनको चिन्ता




**निमिष झा/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

'हाम्रा घरबासहरू पहिराले बगाइरहेका छन् । बाढी र खडेरी अकस्मात आउँछन् तर अझै हामी डटिरहेका छौं । हाम्रा उत्सर्जनहरू न्यून छन् तर वातावरण संरक्षणमा हाम्रा योगदानहरू महत्त्वपूर्ण छन्', सगरमाथा संवादको पहिलो शृंखलाको उद्घाटन सत्रमा प्रधानमन्त्री केपी शर्मा ओलीका यी भनाइले विश्वभरका प्रतिनिधिहरूको ध्यान आकृष्ट गरेको छ ।

वातावरणीय मुद्दामा लापरबाही र विलम्ब गरिए विनाशमा पुगिने भएकाले यसमा विश्वको ध्यानाकर्षण गराउन सगरमाथा संवादको आयोजना गरिएको हो ।

शुक्रबारदेखि सुरु भएको बहुप्रतीक्षित सगरमाथा संवादमा सरोकारवाला विज्ञहरूले अन्तर्राष्ट्रिय जलवायु संकट समाधानमा सामूहिक प्रतिबद्धतामा जोड दिएका छन् ।

पर्वतीय र विकासोन्मुख हुनुका नाताले नेपालले झेल्दै आएका वातावरणीय र विपद्जन्य समस्यालाई सशक्त रूपमा उद्घोष गर्न संवादको उद्घाटन सत्रका मन्तव्यहरू प्रभावकारी देखिएका छन् ।

सहभागी प्रतिनिधिहरूले जलवायुजन्य संकट सामनाका लागि सबैको सहकार्य र अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धता जरुरी रहेकामा जोड दिए ।

सहभागी प्रतिनिधिहरूले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न वैश्विक साझेदारी आवश्यक रहेको बताए । उनीहरूले जलवायु परिवर्तनसँग सम्बन्धित मुद्दामा भइरहेका छलफलमा हिमालको मुद्दा ओझेलमा पारिएकोप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

### संवेदनशील हुन आग्रह

संवादको उद्घाटन गर्ने क्रममा प्रधानमन्त्री ओलीले जलवायु परिवर्तनमा भूमिका नभएका संवेदनशील राष्ट्रलाई सहयोग गर्नुपर्नेमा जोड दिए । 'वातावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका रहेको हिमाल बचाउनका लागि विश्व समुदाय एकजुट हुन आवश्यक छ', प्रधानमन्त्री ओलीले भने ।

प्रधानमन्त्री ओलीले भने, 'जसले सबैभन्दा बढी प्रदूषण गर्छन्, उनीहरूले नै सबैभन्दा बढी योगदान दिनुपर्छ, उनीहरूले संवेदनशील राष्ट्रहरूलाई वित्त, प्रविधि र क्षमता अभिवृद्धिमार्फत सहयोग गर्नुपर्छ ।'

यस्तै, परराष्ट्रमन्त्री डा. आरजु राणाले जलवायु परिवर्तनको मुद्दा अहिले विश्वव्यापी समस्या बनेको र यसले पृष्ठ २ मा

### तेस्रो एनडीसी सार्वजनिक

सगरमाथा संवादको उद्घाटन सत्रमा सरकारले तेस्रो एनडीसी सार्वजनिक गरेको छ । प्रधानमन्त्री ओलीले तेस्रो एनडीसीको पुस्तक कोप- २९ अध्यक्ष मुख्तर बबयभलाई हस्तान्तरण गरे ।

यसलाई बुधबार बसेको मन्त्रिपरिषद् बैठकले यूएनफसीसीसीको सचिवालयमा पठाउन स्वीकृति प्रदान गरेको थियो । जलवायु परिवर्तन न्यूनीकरण, पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# महानिर्देशक भट्टराईलाई एकीकृत संस्थाका दर्जनौं सुझाव



**मध्यान्ह संवाददाता**
काठमाडौं, २ जेठ ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था नेपालले वैदेशिक रोजगार व्यवसायमा लामो समयदेखि थाती रहेका समस्या समाधानका लागि वैदेशिक रोजगारका नवनियुक्त महानिर्देशक कमलप्रसाद भट्टराईको ध्यानाकर्षण गराएको छ । शुक्रबार विभागका नवनियुक्त महानिर्देशक भट्टराईलाई स्वागत तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने क्रममा संस्थाले उक्त ध्यानाकर्षण गराएको हो ।

कार्यक्रम एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्थाका अध्यक्ष सन्तकुमार लामाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले पटक-पटक फेमिसमा देखिने समस्या, पूर्व तथा अन्तिम श्रम स्वीकृति, मागपत्र प्रमाणीकरण समस्या, रोजगारदाता र वैदेशिक रोजगारमा जाने कामदारको हित संरक्षण, दुई देशबीचको श्रम सम्झौता, श्रम बजारको प्रवर्धन, वैदेशिक रोजगार कल्याणकारी कोषको रकम उपयोग, घरेलु श्रमिकलगायतका क्षेत्रमा रहेका समस्याबारे नवनियुक्त महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी संस्थाले छुट्टै इजाजत लिनुपर्ने बाध्यता, अनुगमनको त्रास, उजुरी फरफारक, स्वार्थ समूहको हस्तक्षेप र कर्मचारीको भूमिका र व्यवसायी वर्गीकरण र एकाधिकारलगायतका विषयमा पनि सविस्तारमा पृष्ठ २ मा

### विभाग अब 'वर्क परमिट अन द सेम डे'को मोडेलतिर




**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले फेमिसमा सुधार गरी आवेदन दिएकै दिन श्रम स्वीकृति प्रदान गर्ने बताएको छ । वैदेशिक रोजगार विभागको कार्यालय ताहचलमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा नवनियुक्त महानिर्देशक कमलप्रसाद भट्टराईले रितपूर्वक अनलाइन दरखास्त फारम प्राप्तपश्चात आवेदन दिएकै दिन श्रम स्वीकृति दिने व्यवस्था कार्यान्वयन गरिने बताए ।

उनले भने, 'फेमिसमा पटक-पटक समस्या देखियो, यो प्राविधिक हो कि मानवीय भन्ने प्रश्न थियो । केही मानवीय कमजोरी पनि देखियो, तर सबै पक्षमा सुधार गरेर सकेसम्म छिटो गुनासो नआउने गरी कार्यसम्पादन गरिनेछ । आगामी मंगलबारसम्म हामीले सेवाग्राहीलाई अनुभूति हुने गरी 'वर्क परमिट अन पृष्ठ २ मा

# ५० दिनपछि थुनामुक्त रवीन्द्र



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई थुनामुक्त गर्न सर्वोच्च अदालतले आदेश दिएसँगै उनी हिरासतमुक्त भएका छन् । गैरकानुनी रूपमा थुनामा राखिएको ठहर गर्दै सर्वोच्च अदालतले शुक्रबार दिएको आदेशसँगै उनी हाजिर जमानीमा हिरासतमुक्त भएका हुन् ।

हिरासतमुक्त भएपछि अदालतबाट बाहिरिँदै नेता मिश्रले राज्यले आरोप लगाएजस्तो आफूले संगठित र राज्यविरुद्धको अपराध नगरेको दाबी गरेका छन् । बन्दी प्रत्यक्षीकरणको निवेदनमा सुनुवाइ गर्दै न्यायाधीशद्वय कुमार चुँडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले उनलाई हाजिर जमानीमा छाड्न आदेश दिएको थियो ।

कुनै नागरिकलाई गैरकानुनी थुनामा राखेको देखिए थुनामुक्त गर्न अदालतले जारी गर्ने आदेश बन्दी प्रत्यक्षीकरणको आदेश हो । १० वैशाखमा नै काठमाडौं जिल्ला अदालतले उनीबाट संकलन गर्नुपर्ने प्रमाण जुटाइसकेको अवस्थामा हाजिरी जमानीमा छाड्न आदेश दिएको भन्दै सर्वोच्च अदालतले थुनाको औचित्यमाथि प्रश्न उठाएको थियो ।

प्रहरी नियन्त्रणबाट मुक्त भएपछि उनले भनेका छन्, 'म राजनीतिक मान्छे हुँ, मैले राजनीतिक रूपमा राजसंस्था पुनर्स्थापनाका लागि काम गरेको हो तर राज्यविरुद्धको कसुर, संगठित अपराध र आपराधिक उपद्रव मबाट भएको छैन ।'

उनले ४७औं दिनसम्म पनि राज्यलाई अनुसन्धानमा सहयोग गर्छु भन्ने हिसाबले बन्दी प्रत्यक्षीकरणको निवेदन नदिएको समेत बताए । उनले १५ चैतमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलिसमेत व्यक्त गर्दै भने, 'त्यो मैले सोचेको कुरा पनि होइन, म जस्तो मान्छेले योजना गरेको कुरा पनि होइन ।'

तत्काललाई आफू हाजिर जमानीमा मात्र छुटेकाले धेरै खुसी हुने पक्षमा नरहेको मिश्रले प्रतिक्रिया दिएका छन् । आफूले आन्दोलन ठूलो भएपछि कहिल्यै पनि आयोजकको, सरकारको नियन्त्रणमा हुँदैन भनेर सधैं भन्ने गरेको उनको भनाइ छ ।

प्रहरीले उनीविरुद्ध मुद्दा दायर गर्ने अवस्था भएमा झिकाएर मुद्दाको साथमा जिल्ला अदालतमा पेस गर्न सक्छ । तर, सर्वोच्च अदालतले नै थुनामुक्त गर्न आदेश दिएकाले जिल्ला अदालतले समेत थुनामा नराखी कानुन व्यवसायीको जिम्मा लगाएर पृष्ठ २ मा

# नेतृत्व फेरिएकै कारण विद्युत् आपूर्तिमा समस्या आएको होइन : शाक्य

**काठमाडौं/मस-** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले नेतृत्व फेरिएकै कारण विद्युत् आपूर्तिमा समस्या नआएको दाबी गरेका छन् । संघीय राजधानी काठमाडौं लगायत देशका विभिन्न स्थानमा शुक्रबार अवरुद्ध विद्युत् आपूर्तिबारे जानकारी दिन प्राधिकरणमा आयोजित पत्रकार सम्मेलनमा उनले अहिलेको मौसमका कारण समस्या आएको स्पष्ट पारे ।

विगतका वर्षहरुमा पनि चैतदेखि जेठसम्म यस प्रकारका समस्या आउने गरेको बताउँदै उनले वर्षा सुरु हुनुअघि केही दिन हावाहुरी र पानीका कारण समस्या आएपनि अन्य समयमा सामान्य हुने बताए । बत्ती जानुमा अहिले अन्य कारण केही नभएको उनले दाबी गरे । समस्या आइसकेपछि कराउने नभइ समयमै सुधार्नुपर्ने उनको भनाइ छ।

समस्याको पहिचान भएको र त्यसलाई सुधार्नेतर्फ आफू लागिपरेको उनको भनाइ थियो । प्राविधिक समस्याले विद्युत् आपूर्तिमा गडबडी हुँदा लोडसेडिङ नै भयो भनेर हल्ला नफिजाउन आग्रह गर्दै कार्यकारी प्रमुख शाक्यले समस्या समाधानका लागि आफूले जानेका सबै



कुरा गर्ने स्पष्ट पारे ।

उनले भने, 'पश्चिमको लाइन ट्रीप भएका कारणले करिव २ घण्टा विद्युत् प्रशारण अवरोध भएको हो । करिब ८ बजेमात्र ढल्केबर-मजफरपुर प्रशारणलाईन नियमित भएसँगै विद्युत् आपूर्ति सहज भयो । त्यसैले ढल्केबर-मजफरपुर लाइन कति महत्वपूर्ण छ भन्नेकुरा हिजोको घटनाले पनि पुष्टि गरेको छ । हामी भारतसँग निर्भर छौं भन्नु राम्रो त होइन तर यो तीन चार महिना उत्पादन नबढेसम्म हामी कमजोर हुँदा रहेछौं । भारतको बिजुली आएन भने यसले समस्या निम्त्याउँछ भन्ने देखाएको छ । हरेक पटक आउने समस्या समाधानका लागि 'राइट म्यान, राइट प्लेस' नै छ । तर, उत्पादनलगायतका पूर्वाधारमा जति लगानी भएको छ त्यसअनुसार काम हुनसकेको छैन । खिम्ति, बाह्रविसे र लफ्सेफेदी सञ्चालनमा आउन नसक्दा केही समस्या पक्कै छ । तरपनि अन्डरग्राउण्ड अपरेशन सञ्चालनमा आएसँगै काठमाडौंमा समस्या आउँदैन । किनकी काठमाडौंमा हावाहुरी आयो काठमाडौंमा र तराईमा हावाहुरी आउँदा तराईमा समस्या आउने हो । हावाहुरी र पानीको समयमा सुख्खायाममा बसेका धुलोहरु पानीको समयमा सिफेज भएर ट्रिप हुने हुनाले पाँच सात दिन समस्या आउँछ । अन्य कारण केही छैन ।'

उनले यस प्रकारका सानातिना समस्यामा चिन्ता नलिन र विगतको भन्दा राम्रो गर्नेगरी काम भइरहेको बताए ।

# स्वास्थ्य मन्त्रालय र नेत्रज्योति संघबीच समझदारी

**काठमाडौं/मस-** नेपालबाट अन्धोपन निवारण गर्ने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल नेत्रज्योति संघबीच समझदारी भएको छ । शुक्रबार मन्त्रालयमा उक्त समझदारी पत्रमा हस्ताक्षर गरिएको हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको उपस्थितिमा भएको उक्त समझदारी पत्रमा मन्त्रालयका तर्फबाट स्वास्थ्य समन्वय महाशाखा प्रमुख डा.कृष्ण प्रसाद पौडेल र नेत्रज्योति संघको तर्फबाट महासचिव भरतबहादुर चन्दले हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुसार मन्त्रालयले नेत्रज्योति संघबाट कार्यक्रम संचालन भइरहेका जिल्लाहरूमा आँखा उपचार सेवा कार्यक्रम संचालनका लागि प्रदेश सरकार तथा स्थानीय सरकारलाई आवश्यक समन्वय



तथा सहजीकरण गर्नेछ भने नेत्रज्योति संघले नेपालमा आँखा स्वास्थ्य सेवाको पहुँच नपुगेका स्थानहरूमा आँखा उपचार सेवा विस्तार गरी लक्षित समूहलाई थप सहुलियतपूर्ण उपचार सेवा प्रदान गर्नेछ ।

त्यसैगरी मन्त्रालयले नेपालको आँखा उपचार क्षेत्रलाई स्वास्थ्य पर्यटन गन्तव्यका रूपमा विकास गर्न आवश्यक सहजीकरण गर्ने, नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका आँखा स्वास्थ्य सम्बन्धि जनशक्तिहरूलाई आवश्यकता अनुसार नेत्रज्योति संघ अन्तरगतका अस्पतालमा खटाउन सक्ने र प्रचलित नियम कानुन अनुसार तथा जनसंख्या मन्त्रालयबाट भन्सार छुट लगायतका विषयमा सहजीकरण गरिने छ ।

त्यस्तै नेत्रज्योति संघले संघद्वारा संचालित आँखा अस्पतालहरूलाई आँखा उपचार, अनुसन्धान र शैक्षिक केन्द्रको रूपमा विस्तार गरी स्वास्थ्य जनशक्तिसम्बन्धी राष्ट्रिय रणनीति २०७७-२०८७ ले प्रक्षेपित आँखा स्वास्थ्य सम्बन्धी जनशक्तिको उत्पादन गरी नेपालमा आँखा स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्नेछ ।

नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक डा.शैलेश कुमार मिश्रले नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति, २०७६, राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनैतिक कार्ययोजना २०७९-२०८७ तथा आँखा स्वास्थ्य रणनीति २०७९ बमोजिम नेत्रज्योति संघले मन्त्रालयको सहयोग र सहकार्यमा आँखा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने जानकारी दिए ।

'नेपाल सरकारकै सहयोग र निर्देशनमा गैर सरकारी संस्थाद्वारा नेपालमा संचालित आँखा उपचार सेवाले अहिले विश्वमै नाम कमाएको छ, यो समझदारीले नेपालको अन्धोपन निवारणमा महत्वपुर्ण भुमिका खेल्ने विश्वास लिएका छौं' संघका महासचिव भरतबहादुर चन्दले भने ।

सम्झौतापछि आयोजित कार्यक्रममा स्वास्थ्यमन्त्री पौडेलले नेपालको आँखा उपचार सेवा स्तरीय र सुपथ भएको भन्दै नागरिकको पहुँच वृद्धिसँगै स्वास्थ्य उपचार पर्यटन केन्द्रका रुपमा विकास गर्न आँखा उपचार सेवाले भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

# जापानले नेपाललाई थप ५७ करोड ३० लाख येन अनुदान उपलब्ध गराउने



**काठमाडौं/मस-** 'धुलिखेल अस्पताल ट्रमा एण्ड इमर्जेन्सी सेन्टर (आन्तरिक अनुदान) को सुधार परियोजना' का लागि जापान सरकारले थप ५७ करोड ३० लाख येन अनुदान दिने भएको छ । मन्त्रालयमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र जापानका संसदीय उपविदेशमन्त्री इकुइना अकिकोको उपस्थितिमा अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख धनिराम शर्मा र नेपालस्थित जाइकाका प्रतिनिधिबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

नेपाल सरकारको तर्फबाट अर्थमन्त्री पौडेल र जापान सरकारको तर्फबाट सगरमाथा संवाद कार्यक्रममा सहभागी हुन आएका संसदीय उपविदेशमन्त्रीसहित अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय, नेपालका लागि जापानका राजदूत मैदा तोरु रेलगायतको सहभागितामा सम्झौतामा हस्ताक्षर भएको अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थमन्त्री पौडेलले नेपाल-जापानबीच स्वार्थरहित सम्बन्ध रहेको बताउँदै जापान नेपालको अत्यन्तै घनिष्ट मित्रराष्ट्र रहेको उल्लेख गरे । उनले भने, 'नेपालको विकासमा जापानबाट महत्त्वपूर्ण सहयोग प्राप्त गर्दै आएका छौं, आगामी दिनमा जापानको सहयोग अझ फराकिलो हुनेछ भन्ने विश्वाससहित सहयोग र सहकार्यको अपेक्षा गर्दछौं ।'

उपप्रधानमन्त्री पौडेलले सगरमाथा संवादको क्रममा नेपाल भ्रमणमा आउनुभएका जापानी उपविदेशमन्त्रीलाई धन्यवाद दिँदै गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमणका लागि निमन्त्रणा दिए । उनले भने, 'मन्त्रीलाई यो पटक गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमणका लागि निवेदन गर्दछु । यो पटक सम्भव नभए अर्को पटक भए पनि लुम्बिनी पुग्नुहोस् भनेर निम्ता गर्न चाहन्छु ।'

आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट ३ अर्ब २९६ करोड येनसम्मको अनुदान सहयोगमा सन् २०२३ मा हस्ताक्षर भइसके पनि मूल्यवृद्धि र अन्य कारणले आर्थिक अभाव भएपछि अहिले थप ५७ करोड ३० लाख येन थप अनुदान उपलब्ध गराइएको नेपालस्थित जापानी दूतावासले जनाएको छ ।

आर्थिक विकास, सडक सञ्जाल विस्तार, यातायातका साधनको बढ्दो प्रयोगलगायत कारण ट्रमाका बिरामीको सङ्ख्यामा वृद्धि हुनुका साथै स्ट्रोक, मुटुजस्ता नसर्ने रोगका बिरामीको संख्या पछिल्लो समय वृद्धि हुँदै जाँदा बिरामीको चाप बढेकाले नेपालका स्वास्थ्यसंस्थामा शय्या र चिकित्सा उपकरणको अभाव भएको भन्दै उक्त सहायता दिइएको जनाइएको छ ।

यस सहायताले देशको सबैभन्दा ठूलो चिकित्सा सुविधा र बृहत क्षेत्रको चिकित्सा सेवाको हबका रूपमा रहेको धुलिखेल अस्पतालमा ट्रमा र आपत्कालीन केन्द्र र सम्बन्धित उपकरण निर्माण गरी नेपालको चिकित्सा सेवालाई सुदृढ पार्ने, स्वास्थ्य तथा चिकित्सा सेवाको गुणस्तरमा सुधार ल्याउने र आर्थिक वृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले सहयोग उपलब्ध गराइएको नेपालस्थित जापानी दूतावासले जनाएको छ ।

# सन्धिखर्कका खोला खोल्सीमा निगरानी



**सरु भुसाल/मध्यान्ह**
सन्धिखर्क, २ जेठ

जिल्ला स्तरीय अनुगमन समितिले सन्धिखर्क नगरपालिका अर्घाखाँचीका विभिन्न योजना तथा खोला खोल्सी अनुगमनमा सक्रियता देखाएको छ ।

जिल्लाभरका योजनाहरु अनुगमन गर्दै आएको जिल्ला स्तरीय अनुगमन समितिका पदाधिकारीहरूले अनुगमन गर्न सक्रियता देखाएपछि अहिले चोरी निकासीको अन्त्य भएको छ । अर्घाखाँची जिल्लामा ३ नगरपालिका ३ गाउँपालिकामा जिल्ला स्तरीय अनुगमन समितिले योजनाको अनुगमन गर्ने कानूनी प्रावधान छ । सन्धिखर्क नगर पालिकामा रहेका जर्रेखोला बागी खोलाको शुक्रबार अनुगमन गर्न जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोईराला, सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ, उपप्रमुख मिश्रा आचार्य, निमित्त प्रमुख जिल्ला अधिकारी झबिलाल थापा, सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसाल, जिल्ला प्रहरी कार्यलयका प्रमुख चक्रबहादुर मल्लसहित सुरक्षा निकाएका प्रमुखहरु, नगरपालिका राजश्व प्रमुख मुक्तिराम खनाल, अनुगमन टिम र कर्मचारी खोलाहरुमा पुगेका हुन् ।

नगरपालिकाका उपप्रमुखको नेतृत्वमा अनुगमन भएपनि पुनः जिल्ला अनुगमन समितिले बागी खोला जर्रेखोला अनुगमन गरेको हो । विशेषगरी सन्धिखर्क नगरपालिकाले लगानी गरेका योजनामा आफूहरूले निगरानी बढाउँदै अनुगमनलाई तीब्र पारेको सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए ।

जिल्ला स्तरीय अनुगमन समितिले समेत खोला खोल्सीको अनुगमनमा सक्रियता देखाएसँगै निर्माण व्यवसायी तथा उपभोक्ता समिति समेत सचेत हुन थालेको स्थानीय बत्ताउँछन् ।

**गठबन्धन...**

'जनतासँग माओवादी मध्यपहाडी लोकमार्ग जनजागरण अभियान'का लागि डडेल्धुरा पुगेका प्रचण्डले फोनमा कुरा गरेर देउवाको मन जित्ने प्रयास गरेका छन् ।

'यो अब शेरबहादुर देउवाजीको जिल्ला भनेर पनि चिनिन्छ, देउवाजीसँग पनि सम्पर्क भयो र उहाँले पनि मेरो जिल्लामा स्वागत भन्नुभयो । डडेल्धुरामा स्वागत भन्नुभएको छ', प्रचण्डले शुक्रबार डडेल्धुरामा आयोजित पत्रकार सम्मेलनमा भनेका थिए ।

यसअघि १५ मंसिर २०८० मा नेकपा एमालेका अध्यक्ष एवं वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले पनि कांग्रेस सभापति शेरबहादुर देउवासँग डडेल्धुरा पुगेका बेला फोनवार्ता गरेका थिए । मेची-महाकाली अभियानको सिलसिलामा डडेल्धुरा पुगेका ओलीले देउवासँग फोनवार्ता गरेका थिए ।

त्यतिबेला एमाले प्रमुख प्रतिपक्षी दल थियो भने अहिले माओवादी केन्द्र प्रमुख प्रतिपक्षी दल छ । सोही टेलिफोन संवादबाट देउवा-ओली निकट हुँदै अन्ततः सत्ता समीकरणसम्म पुगेको थियो ।

सोही नजिरलाई स्थापित गर्न प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र लागिपरेको देखिन्छ । यद्यपि, अहिले नै सरकार ढलिहाल्ने अवस्था नरहेको राजनीतिक विश्लेषक पुरञ्जन आचार्य बताउँछन् ।

'एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवाबीच भएको सहमति कार्यान्वयन भएर जाने अवस्था आए यो गठबन्धन अझै केही हुँदैन । प्रधानमन्त्री ओलीले १४ महिनापछि शेरबहादुरजीलाई प्रधानमन्त्री किस्तीमा राखेर दिन्छु भन्नुभएको र देउवा पनि बचनमा पक्का भएकाले अहिले नै ओलीसँगको सहकार्य टुटाउने पक्षमा हुनुहुन्न', आचार्यले भने ।

प्रधानमन्त्री ओलीले यसअघि जस्तै फेरि धोका दिएर शेरबहादुर देउवालाई जिम्मा लगाउने भनेको प्रधानमन्त्री पदमा दायाँबायाँ हुने अवस्था देखिए स्वाभाविक रूपमा गठबन्धन परिवर्तन हुने उनको विश्लेषण छ ।

नयाँ सत्ता समीकरणदेखि नै सरकार ढलिहाल्छ भन्दै हिँडेका पूर्वप्रधानमन्त्री प्रचण्डले १० महिनासम्म प्रयास गर्दा पनि सरकारमा सम्मिलित दलबीच खासै खटपट देखिएको छैन । सरकारका गतिविधि सच्याउनुपर्छ भन्दै प्रमुख साझेदार दल नेपाली कांग्रेसका नेताहरूले सार्वजनिक अभिव्यक्तिलाई बलियो बनाएका छन् तर उनीहरूको आशय सत्ता गठबन्धनको काँध फेर्ने नभएको नेपाली कांग्रेसकै नेताहरूले बताउँदै आएका छन् ।

पार्टी सरकारमा सहभागी भए पनि आगामी निर्वाचनमा कांग्रेसको मुख्य प्रतिस्पर्धा एमालेसँग नै हुने भएकाले सरकारमा सहभागी नभएका पार्टीका नेताहरूले आफ्नो संगठन बलियो बनाउने अभियानअन्तर्गत सरकारका कमजोरीलाई औंल्याउँदै पार्टीका नेताहरूलाई सच्चिएर जान दबाब दिनु जरुरी रहेको नेपाली कांग्रेसका नेता एनपी साउदले बताए । तर, सत्ता सहयात्री नै परिवर्तन गर्नुपर्छ भन्ने कोणबाट आफुहरूले कुरा नगरेको उनको दाबी छ ।

प्रधानमन्त्री ओली स्वयं पनि देउवाको ढाडसप्रति पूर्ण विश्वस्त भएर प्रतिपक्षीहरूको चलखेललाई तीखो प्रहार गर्दै आएका छन् ।

**संवेदनशील...**

सिंगो मानवतालाई संकटमा पारेको उल्लेख गरिन् । विश्वव्यापी संकटसँग जुध्नका लागि कुनै पनि देशको एक्लो प्रयास पर्याप्त नहुने भन्दै उनले संयुक्त र सामूहिक प्रयासका साथ अघि बढ्नुपर्ने आवश्यकता औंल्याइन् ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायुका कारण हिमाली परिदृश्य रूपान्तरण हुन लागेको उल्लेख गर्दै हिमनदीहरू पग्लिँदै गएका, परिस्थितिकीय प्रणाली बदलिँदै गएको र परम्परागत जीवनशैलीहरू उल्टिँदै गएकाले सामाधानका लागि सहभागीहरूबाट सामूहिक प्रतिबद्धता आएको बताए ।

वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रम, चालू आर्थिक वर्षको बजेट वक्तव्य र वन तथा वातावरण मन्त्रालय तथा परराष्ट्र मन्त्रालयमा बजेट विनियोजन भएअनुसार सगरमाथा संवादको आयोजना भएको हो । यस पहिलो शृंखलाको संवादको विषय 'जलवायु परिवर्तन, हिमालहरू र मानवीय भविष्य' छ ।

हरेक २ वर्षमा आयोजना गरिने भनिएको यो संवादलाई एउटा अन्तर्राष्ट्रिय मञ्चका रूपमा विकास गर्ने सरकारको लक्ष्य छ । मुख्य सचिव एकनारायण अर्याल समसामयिक विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध एजेन्डामा छलफल गरी समाधानका लागि साझा धारणा बनाई कार्यान्वयन गर्ने संवादको प्रमुख लक्ष्य रहेको बताउँछन् ।

संवादका लागि सरकारले छिमेकीसहित विभिन्न देशका राष्ट्र प्रमुख, सरकार प्रमुख, राजदूत तथा विषयगत विज्ञलाई निम्तो दिएको थियो । सम्मेलनमा भारत, चीन र बंगलादेशका मन्त्रीस्तरका प्रतिनिधिका साथै कोप- २९ को अध्यक्ष देश अजरबैजानका राष्ट्रपतिका प्रतिनिधिलगायत १७५ विदेशी अतिथि र त्यतिकै संख्यामा स्वदेशी प्रतिनिधि सहभागी छन् । संवादमा, प्लेनरी, समानान्तर सत्र, गोलमेच र विभिन्न विषयमा साइड इभेन्ट भइरहेका छन् ।

मुख्य सचिव अर्यालले भने, 'नेपाल जस्तै जलवायु परिवर्तनबाट प्रभावित पर्वतीय देशहरूबीच साझा बुझाइ बनाउने र आउँदा दिनमा अन्तर्राष्ट्रिय समुदायको बीचमा पैरवी गर्नका लागि पहल गर्ने संवादको उद्देश्य हो ।'

कुल १९ प्रतिनिधिमण्डलहरू १३ राष्ट्रिय, ६ क्षेत्रीय र अन्तर्राष्ट्रिय संगठनहरूका तर्फबाटले जलवायु परिवर्तन, पहाड र मानव जातिको भविष्यका विविध पक्षहरूलाई प्रकाश पार्दै आफ्ना वक्तव्यहरू दिएका छन् ।

प्रतिनिधिमण्डलहरूमा बंगलादेश, भुटान, नेपाल, बेलायत, संयुक्त अरब इमिरेट्स, जापान, भारत, कतार, किर्गिस्तान, ब्राजिल, इजिप्ट, ओमान र पाकिस्तानका प्रतिनिधि छन् ।

अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूमा संयुक्त राष्ट्रसंघ, विश्व बैंक, एसियाली विकास बैंक, सार्क, बिमस्टेक, इसिमोड छन् ।

प्रतिनिधिमण्डलहरूले पहाड र त्यसभन्दा बाहिर जलवायु परिवर्तनका कारण परिरहेका प्रभाव तथा मानवताको भविष्य रक्षा गर्न एकता र ऐक्यबद्धताका लागि आह्वान पनि गरेका छन् ।

**तेस्रो...**

अनुकूलन तथा वित्तीय व्यवस्थापनको विस्तृत खाकासहित सन् २०३५ सम्मको दिगो विकास लक्ष्य, घरेलु तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतको परिचालन तथा स्थानीय तहसम्म जलवायु कार्यान्वयनको योजना समेटेर तेस्रो एनडीसी तयार गरिएको छ ।

विश्वको तापमान वृद्धिलाई १ दशमलव ५ डिग्री सेल्सियसभित्र सीमित राख्न विश्वव्यापी प्रयासलाई सहयोग गर्दै नेपालले जलवायुजन्य संकट व्यवस्थापनमा योगदान गर्ने लक्ष्य लिइएको छ । हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान भए पनि नेपालले आफ्नो परिमाणात्मक न्यूनीकरण लक्ष्य र नीति तथा उपायको दायरा विस्तार गरेको छ ।

तेस्रो राष्ट्रिय निर्धारित योगदानले सन् २०३५ सम्मको लक्ष्य निर्धारण गरेको छ । सन् २०४५ सम्म नेट-शून्य कार्बन उत्सर्जन प्राप्त गर्ने लक्ष्यसहित सरकारले ऊर्जा, यातायात, उद्योग, कृषि, वन, जलस्रोत, शहरी पूर्वाधार र सांस्कृतिक सम्पदामा प्रभावकारी कदम चाल्ने नीति लिएको वन तथा वातावरण मन्त्रालयका उपसचिव नरेश शर्माले जानकारी दिए ।

विज्ञहरूका अनुसार नेपाललाई जलवायु कार्यका लागि दिने भनिएको ३०० बिलियन अमेरिकी डलरको प्रतिवर्ष ३ प्रतिशत प्राप्त भए एनडीसी कार्यान्वयनका लागि पुग्छ ।

जलवायु कार्यका लागि एनसीक्यूजीमार्फत १ हजार ३०० बिलियन अमेरिकी डलर आवश्यक पर्छ भनिएको थियो, जुन पब्लिक र प्राइभेट फाइनान्सअन्तर्गत दिने भनिएको हो ।

त्योमध्ये नेपालको एनडीसी कार्यान्वयन गर्न शून्य दशमलव ५ प्रतिशत रकम भए पुग्ने विज्ञहरू बताउँछन् ।

एनडीसी सार्वजनिक भएसँगै नेपाल आफ्नो प्रतिबद्धताका लागि अन्तर्राष्ट्रिय जलवायु परिवर्तनको प्रारूप महासन्धिको कार्यालयमा पेस गर्ने अवस्थामा पुगेको छ । यो प्रतिवेदन संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन महासन्धिको कार्यालयबाट प्राप्त हुने सहयोगका लागि आवेदन दिन, परियोजना विकास गर्न, थप सहायता ल्याउनका लागि अत्यावश्यक दस्तावेज हो ।

**महानिर्देशक...**

महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराएको हो । अध्यक्ष लामाले संस्थाले दिएका सुझाव कार्यान्वयन गरिएमा वैदेशिक रोजगार प्रशासन गुनासोरहित बन्ने र सेवाग्राहीले राहत महसुस गर्ने भन्दै सकारात्मक सुधारका काममा संस्था सधैं महानिर्देशकसँग सहकार्यका लागि तयार रहेको बताए ।

संस्थाका महासचिव मधुकर रिजालले नेपालमा वैदेशिक रोजगारको अवस्था र समस्या समाधान नहुँदा व्यवसायजन्य असुरक्षा बढेको भन्दै आम सेवाग्राहीलाई महसुस हुनेगरी सुधारका काम गर्न नवनियुक्त महानिर्देशक भट्टराईलाई आग्रह गरे ।

सचिव अनिल बोगटीले युरोपेली मुलुकमा रहेको मागपत्र प्रमाणीकरणले समस्या सिर्जना गर्दा व्यक्तिगत श्रम स्वीकृतिमा असुरक्षितरूपमा जाने क्रम बढेको र त्यसमा विभागका कर्मचारी सहयोगी बनेको भन्दै त्यसमा तत्कालै ध्यान दिन नवनियुक्त महानिर्देशक भट्टराईलाई आग्रह गरे ।

जवाफमा नवनियुक्त महानिर्देशक भट्टराईले आफू महानिर्देशकमा बहाली भएपछि दिइएका रायसुझावमध्ये संस्थाले दिएका सुझाव बढी रचनात्मक देखिएको भन्दै त्यसलाई कार्यान्वयन गरेर व्यवहारमा उतार्न कोसिस गर्ने आश्वासन दिए ।

महानिर्देशक भट्टराईले आगामी १ हप्ताभित्र सुधारका लागि प्रतिवेदन तयार हुने भन्दै १ घण्टाभित्र श्रम स्वीकृति दिने तथा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा सुधार गरेर देखिएका गुनासा समाधान गर्ने योजना सुनाए ।

हाल फेमिसले दैनिक १८ सय श्रम स्वीकृति जारी गरिरहेकाले आगामी दिनमा क्षमता बढाउने, मुद्दा मामिला, राहत उद्धार र अनुगमनलाई सिष्टममा ल्याउने योजना रहेको पनि सुनाए । महानिर्देशक भट्टराईले सेवा शुल्क सम्बन्धमा कार्यदलले भारत, पाकिस्तान र श्रीलंका लगायतका देशको अध्ययन गर्ने पनि बताए ।

यसअघि नेपाल वैदेशिक रोजगार एकता समिति सामाखुसीको स्वागत कार्यक्रममा म्यानपावर कम्पनी वर्गीकरणको तयारी रहेको बताएका महानिर्देशक भट्टराईले शुक्रबार भने वर्गीकरणको विषय छलफलमा मात्रै रहेकाले बहुसंख्यक व्यवसायीको असहमति र विरोध रहे त्यसलाई प्राथमिकतामा नराखिने उल्लेख गरे । महानिर्देशक भट्टराईलाई स्वागत गर्न संस्थाका पदाधिकारी, सल्लाहकार तथा कार्यसमिति सदस्यहरू विभागमा उपस्थित थिए ।

**विभाग...**

द सेम डे'को मान्यताअनुसार काम गर्ने छौं ।'

विभागले प्रदान गर्ने सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने गरी नवीनतम प्रविधिको सदुपयोग गरी काम गर्ने र वैदेशिक रोजगारीसम्बन्धी ठगी, राहत, उद्धार, अनुगमन र नियमनमा थप प्रभावकारी कदम चाल्ने पनि महानिर्देशक भट्टराईले प्रतिबद्धता जनाए ।

उनले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउन वैदेशिक रोजगारसम्बन्धी कार्य गर्ने अनुमति नलिएका शैक्षिक परामर्श केन्द्र, ट्राभल तथा टिकेटिङ एजेन्सीलगायतलाई कारबाहीको दायरामा ल्याउन अनुगमनलाई तीव्रता दिने बताए । वैदेशिक रोजगारसम्बन्धी उजुरी र गुनासोको तत्काल सम्बोधन गर्ने भन्दै महानिर्देशक भट्टराईले वैदेशिक रोजगार व्यवसायीबाहेक अन्य संस्था वा व्यक्तिले वैदेशिक रोजगारसम्बन्धी विज्ञापन गर्ने, रकम र राहदानी लिएर वैदेशिक रोजगारमा पठाइदिने भनी ठगी गरेको अवस्थामा पीडितको रकम फिर्ता गराउन उजुरीमाथि तत्काल अनुगमन गरी कारबाही अघि बढाइने पनि बताए ।

विभागको अनुगमनलाई व्यवस्थित बनाउन अनुगमन स्वीकृतिको ढाँचा तर्जुमा गरिरहेको र उजुरीको संवेदनशीलताका आधारमा आकस्मिक र नियमित अनुगमन गरिने भन्दै महानिर्देशक भट्टराईले विभागमा कर्मचारी अनावश्यकरूपमा अनुगमन भन्दै व्यवसायीका कार्यालय गए अतिरिक्त टोली परिचालन गरी कारबाही गरिने बताए ।

हाल नेपाल सरकारको नागरिक एपमा स्वीकृतिको स्टिकर र वैदेशिक रोजगारीका विज्ञापन मात्र देखिने अवस्थालाई परिमार्जन गरेर उक्त प्रणालीलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरिने उनले जानकारी दिए ।

पत्रकार सम्मेलनमा विभागका उपमहानिर्देशक एवं प्रवक्ता चन्द्रबहादुर शिवाकोटीले साइबर सुरक्षा नीति र एआई नीति प्रणालीमा आन्तरिकीकरण गर्न तत्काल कार्यजोजना बनाइ लागू गरिने बताए ।

**५० दिनपछि...**

थप प्रक्रिया अघि बढाउन सक्ने छ । १५ चैतमा राजधानीको तीनकुनेमा भएको राजावादीहरूको प्रदर्शन हिंसात्मक दंगामा परिणत भएपछि प्रहरीले मिश्र, राप्रपा महामन्त्री धवलशम्शेर राणा, मेडिकल व्यवसायी दुर्गा प्रसाईंलगायतलाई पक्राउ गरेको थियो ।

तीमध्ये मिश्र र राणा बीएन्डबी अस्पतालमा घाइतेलाई भेट्ने क्रममा पक्राउ परेका थिए । राणा हाजिरी जमानीमा छुटिसकेका छन् । राजावादी प्रदर्शनका 'जनकमान्डर' भनिएका दुर्गा प्रसाईंसहितका व्यक्तिहरू भने अझै हिरासतमा छन् । प्रसाईंलाई प्रहरीले भारतको असमबाट पक्राउ गरेर ल्याएको थियो ।

# लामिछानेको मुद्दा हेर्दाहेर्दैमा, आइतबार पेसी




**पोखरा/मस-** राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेसहित ७ जनालाई सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा धरौटीमा छाड्ने कास्की जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पोखरामा परेको निवेदनको सुनुवाइ शुक्रबार पनि हेर्दाहेर्दैमा परेको छ ।

पटक-पटक पेसी सर्दै बिहीबारदेखि सुरु भएको सुनुवाइ मुख्य न्यायाधीश रत्नबहादुर बागचन्द र न्यायाधीश मिलन राईको इजलासमा थियो । न्यायाधीशद्वयको इजलासले आगामी आइतबारका लागि अर्को पेसी तोकेको छ ।

लामिछाने र जोशी अन्य मुद्दाको सन्दर्भमा रुपन्देही कारागारमा थुनामा रहेको उनीहरुका कानुन व्यवसायीले शुक्रबार इजलासमा जानकारी गराए । उक्त सन्दर्भलाई विचार गरी लामिछाने र जोशीलाई सुनुवाइ भइरहेको जानकारी छिटो माध्यमबाट सम्बन्धित कारागारमार्फत पठाउन अदालतले आदेश गरेको छ । प्रतिवादी आरती गुरुङ, मिना गुरुङ, रामबहादुर खनाल, लिला पछाई र कृष्णबहादुर गुरुङका हकमा सुनुवाइलाई निरन्तरता दिने गरी आइतबारका लागि पेसी तोकिएको हो ।

उच्च सरकारी वकिल कार्यालयले लामिछानेसहित ७ जनालाई धरौटीमा छाड्ने कास्की अदालतको २५ पुस २०८१ को आदेश बदरको माग गर्दै माघ ७ मा निवेदन दर्ता गराएको थियो । ८ माघमा उच्च अदालतले कैफियत प्रतिवेदन झिकाउने आदेश गरेको थियो । धरौटीमा छुटेका लामिछानेले पनि जिल्ला अदालतको आदेशविरुद्ध १४ माघमा आफै उपस्थित भएर साधारण तारेखमा छाड्नुपर्ने माग गर्दै निवेदन दिएका थिए । पूर्वडीआईजी छविलाल जोशी, नेचर हर्ब्सका सञ्चालक रामबहादुर खनाल र जीबी राईकी सहयोगी लिला पछाईले माघ २५ मा, आरती गुरुङ र मिना गुरुङले मा २१ मा उच्चमा निवेदन दिएका थिए ।

जिल्ला अदालतको आदेशउपर पेस हुने निवेदनउपर एक महिनाभित्र कारबाही टुंग्याउनुपर्ने भए पनि चारपल्टसम्म सुनुवाइ सर्दै बिहीबार आइपुगेको थियो । बिहीबार उच्च सरकारी वकिल कार्यालयको तर्फबाट उपन्यायाधिवक्ताद्वय सुरेन्द्रराज काफ्ले र दशरथ पंगेनीले बहस गरेका थिए ।

बिहीबार साँझ नै लामिछाने र जोशी पक्षका कानुन व्यवसायी सुशीलराज पन्त र रमण श्रेष्ठले आफ्नो पक्षलाई पेशी सारिएको जानकारी नदिइ सुनुवाइ गरिएको भन्दै सुनुवाइ स्थगनको निवेदन दिए । अदालतले शुक्रबार सुनुवाइ सुरु गरेपछि उनीहरुले लामिछाने रुपन्देही कारागारमा रहेको र पेसी सारिएकोबारे थाहा नदिइएको भन्दै आपत्ति जनाएका थिए ।

लामिछाने बुटवल अदालतको आदेशअनुसार २२ चैतदेखि कारागारमा छन् । उच्च अदालत पोखराका उपरजिष्ट्रार नीलप्रसाद पनेरुले भने यसअघि उनी कारागारमा रहेको आधिकारिक जानकारी मिसिलमा संलग्न नरहेको बताए ।

लामिछानेसहितका प्रतिवादीलाई सूर्यदर्शन सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा कारागार पठाउन माग गरिएको छ । तर, प्रतिवादी पक्षले उनीहरूलाई साधारण तारेखमा रिहा गर्न माग गर्दै बहस गर्दै आएका छन् । यसअघि, जिल्ला अदालत कास्कीका न्यायाधीश नीतिज राईको इजलाशले लामिछानेलाई ६५ लाख रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिएको थियो ।

संसदीय समितिको प्रतिवेदन अनुसार, गोर्खा मिडिया नेटवर्क प्रालिसँग सम्बन्धित पाँचवटा सहकारीबाट २ अर्ब ५६ करोड रुपैयाँ कारोबार भएको र त्यसमा ६५ करोड रुपैयाँ अपचलन भएको उल्लेख गरिएको छ, जसमा लामिछानेको संलग्नता रहेको छ ।

ढोका-ढोकामा सेवा पुऱ्याउँदै भूमे गाउँपालिका

# ३ वडामा एकीकृत घुम्ती शिविर



**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २ जेठ

रुकुम पूर्वको भूमे गाउँपालिकाले तीन वडाका नागरिकलाई लक्षित गर्दै संचालन गरेको दुई दिने एकीकृत घुम्ती शिविर सम्पन्न भएको छ ।

वडा नं. ६ र ७ को सिमाक्षेत्र रिसालचौरमा बैशाख ३१ गते र वडा नं. ९ को चुन्वाङमा जेठ २ गते आयोजित शिविरमार्फत गाउँपालिकाले नागरिकको घरदैलोमै सेवा पुऱ्याएको हो ।

गाउँपालिकाको आयोजनामा सञ्चालित शिविरमा स्वास्थ्य परीक्षणदेखि पशुसेवा, नागरिकता तथा पञ्जिकरण, व्यवसाय दर्ता, कृषि परामर्श जस्ता बहुआयामिक सेवा उपलब्ध गराइएको थियो । विकट भौगोलिक अवस्थाका कारण गाउँपालिकाको केन्द्र पुग्न कठिन हुने वडाका नागरिकका लागि सेवा सहज बनाउने उद्देश्यले शिविर सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले जानकारी दिए ।

'एकीकृत घुम्ती शिविर मार्फत दुर्गम वडामा पुगेर सेवा दिने अभियान हामीले अघिल्लो कार्यकालदेखि नै सुरु गरेका थियौं,' अध्यक्ष श्रेष्ठले भने, 'सामान्य स्वास्थ्य परीक्षण वा प्रमाणपत्र लिन मात्रै पनि वडाबाट सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य गर्न यो शिविर प्रभावकारी भएको छ ।'

उपाध्यक्ष सबिना बुढा मगरका अनुसार नागरिकको अनुहारमा देखिएको खुसी नै जनप्रतिनिधिका लागि सबैभन्दा ठूलो पुरस्कार हो । 'स्थानीय सरकारले नागरिकको घरसम्म सेवा पुऱ्याउन सकेको अवस्था भनेको राम्रो शासनको उदाहरण हो,' उपाध्यक्ष मगरले भनिन्, 'हामीले प्रशासनिकभन्दा पनि मानवीय भावना राखेर सेवा पुऱ्याउने प्रयास गरेका छौं ।'

शिविरका क्रममा पाठेघर र क्यान्सर परीक्षण ४५ जनाको गर्भ परीक्षण र भिडियो एक्सरे, २४ जनाको प्रयोगशाला परीक्षण, ७५ जनाको आँखा परीक्षण, १सय २ जनाको ओपीडी सेवा १ सय ७२ जनाको र पशु स्वास्थ्य उपचार १ सय २८ वटा गरिएको थियो। साथै ६ वटा पिउने पानीको नमुना संकलन गरी गुणस्तर परीक्षण गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले नागरिकता पञ्जिकरण, व्यवसाय दर्ता तथा नविकरण, अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण, कृषि तथा पशुपालनसम्बन्धी परामर्श जस्ता सेवा पनि उपलब्ध गराइएको थियो । शिविरमार्फत सेवा प्राप्त गरेका स्थानीयवासीले गाउँमै सेवा पाएपछि आफूहरू अत्यन्त खुसी भएको बताएका छन् ।

वडा नं. ९ का अध्यक्ष विनोद बुढाले निर्वाचित भएदेखि वडा कार्यालयमार्फत सेवा प्रवाहमा ढिलासुस्ती हुन नदिएको र जनतामा विश्वास कायम राख्न सफल भएको दाबी गरे ।

शिविरमा सहभागी जनशक्ति र व्यवस्थापनको नेतृत्व गरेका प्रमुख प्रशासकीय अधिकृत देबीलाल विकले शिविरमार्फत सबै सेवा एकै ठाउँमा पुऱ्याउनु चुनौतीपूर्ण भए पनि सफलतापूर्वक सम्पन्न गरिएको बताए ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा अन्य वडामा समेत शिविर सञ्चालन गर्ने तयारी गरिरहेको छ । पालिकाले सेवा केन्द्रित शासन प्रणालीलाई जनमुखी बनाउँदै विकट ठाउँमा समेत सेवा पुऱ्याउने रणनीति बनाएको छ ।

# नेपाली समाज मलेसिया प्रवास समिति गठन गरिँदै




**महमद सदाब/मध्यान्ह**
वीरगन्ज,२ जेठ

जनता समाजवादी पार्टी नेपालले मलेसियामा आफ्नो पार्टी गठन गर्ने भएको छ ।

मलेसियामा रहेका नेपाली कामदारसँग भेटघाट गरी पार्टी गठनका लागि जसपा नेपालका केन्द्रीय अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव मलेसिया जाने भएका छन् । २०२५ जुन १ मा होटेल ग्रान्ड कोन्टिनेन्टल कुलालुमपुर जलान बेलिआ चोवकिटमा कार्यक्रम आयोजना गर्न लागिएको छ ।

जसपा नेपालका राष्ट्रिय अध्यक्ष यादवको प्रमुख अतिथित्वमा हुने कार्यक्रममा नेपालीसँग अन्तरक्रियाका साथै नेपाली समाज मलेसिया प्रवास समिति गठन गरिने आयोजक समिति मलेसियाका संयोजक बिनोद यादवले जानकारी दिए ।

मलेसियालाई आफ्नो कर्मभूमी बनाएर विभिन्न क्षेत्रमा काम गर्दै आइरहेका नेपाली कामदारहरुलाई उपस्थित हुन संयोजक यादवले आह्वान गरेका छन् । कार्यक्रममा अध्यक्ष यादवसँगै केन्द्रीय कार्यकारणी समिति सदस्य राजकुमार गुप्ता, अन्तर्राष्ट्रिय सम्बन्ध विभागका प्रमुख अर्जुन थापा र डा.निश्चलनाथ पाण्डे लगायतको उपस्थिति रहने संयोजक यादवले बताए ।

# नीति निर्माणमा संलग्न अधिकारीलाई 'पोलिसी लिडरशीप' तालिम



**काठमाडौं/मस-** नेपाल सरकारका नीतिनिर्माणमा संलग्न अधिकारीहरूलाई लक्षित गरी सञ्चालन गरिएको ८ महिने नेपाल पोलिसी लिडरशीप प्रोग्राम (एनपिएलपी) २०२४ सम्पन्न भएको छ ।

नेपाल पोलिसी इन्स्टिच्युट एनपीआईको आयोजनामा सञ्चालित उक्त तालिम कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र काठमाडौं विश्वविद्यालयको सहकार्यमा सम्पन्न भएको हो ।

एनपीआई अध्यक्ष डा.खगेन्द्रराज ढकालको अध्यक्षतामा सम्पन्न समापन समारोहका प्रमुख अतिथि काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा.अच्युत वाग्ले थिए भने विशेष अतिथि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव चुडामणि पौडेल थिए ।

अध्यक्ष ढकालले ८ महिनाको कार्यक्रम उपलब्धिमूलक भएको उल्लेख गर्दै कार्यक्रम केसहरूमा आधारित रही एक्सपेरिएन्सियल लर्निङको माध्यमबाट नीति निर्माणसँग सम्बन्धित निर्णय प्रक्रियामा आवश्यक हुने विभिन्न फ्रेमवर्क र विश्लेषणका तरिकाहरू सिकाउने उद्देश्यले डिजाइन गरिएको बताए ।

यसमार्फत सहभागीहरूको क्रिटिकल थिङ्किङ सीपको विकास गरिन खोजिएको स्पष्ट पारे ।

कार्यक्रममा कार्यकारी सदस्य तथा पूर्वसचिव गोपीनाथ मैनालीले काठमाडौं विश्वविद्यालय र नेपाल सरकारसँगको सहकार्यमा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको जानकारी दिँदै त्रिपक्षीय सहकार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने बताए ।

उनका अनुसार एनपिएलपीमा ९ जना प्रशिक्षकहरूले सहजीकरण गरेका थिए, जसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागिता थियो । एनपिएलपीका सहजकर्ताहरूको संयोजन डा.गम्भीर भट्टले गरेका थिए भने डा.खगेन्द्र ढकाल, डा.गोपी खनाल, गोपी मैनाली, शारु जोशी, डा.पूर्ण नेपाली, डा. प्रमोद जोशी र सम्झना श्रेष्ठलगायतका नेपाली मूलका विज्ञहरूले विभिन्न मोड्युलहरूको सहजिकरण गरेका थिए ।

समापन कार्यक्रममा १६ वटा मन्त्रालयको प्रतिनिधित्व गरेका नेपाल सरकारका सहसचिव, उपसचिव र अधिकृतहरूसहित २५ जना सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । समारोहमा प्रमुख अतिथि प्राडा वाग्लेले नीति बनाउने कर्मचारीहरू जानेर पढेर आए पनि नीति कार्यान्वयन गर्ने राजनीतिक नेतृत्वको प्रतिबद्धता अभावका कारण कार्यान्वयन पक्षमा समस्या देखिने गरेको धारणा राखे ।

उनले एनपिएलपीजस्ता कार्यक्रम व्यवहारिक र सृजनात्मक अभ्यास भएको उल्लेख गर्दै, काठमाडौं विश्वविद्यालय र एनपीआइबीच भविष्यमा पनि नीति अनुसन्धान तथा तालिममा सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

# नवलपरासीमा हावाहुरीले रुख ढल्दा २ जनाको मृत्यु, ३ घाइते



**विनोद निगम/मध्यान्ह**
नवलपरासी, २ जेठ

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)को सुनवल नगरपालिका-७ चारपालामा शुक्रबार अपराह्न आएको हावाहुरीका कारण रुख ढल्दा दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय नवलपरासीका अनुसार शुक्रबार दिउँसो आएको तेज हावाहुरीले भित्री सडकखण्डमा रहेको कंक्रिट, सिमेन्ट र रडबाट बनेको प्रतिक्षालयमाथि बरको रुख ढलेको थियो । प्रतिक्षालयमा बसिरहेका पाँच जनामध्ये दुई जनाको घटनास्थलमै ज्यान गएको हो भने तीन जना घाइते भएका छन् ।

मृत्यु हुनेमा सुनवल नगरपालिका-७ चारपालाकी करिब ३० वर्षीया मिरा बयम्बु र ४० वर्षीय दुर्गा बहादुर पुन रहेका छन्। घाइते हुनेहरूमा सोही ठाउँकी ४० वर्षीया नरमति परियार, ५१ वर्षीया दुर्गेश्वरा खाम्चा मगर र २२ वर्षीय अनिल थापा छन् । उनीहरूलाई प्रहरीको सहयोगमा उद्धार गरी उपचारका लागि देवदह मेडिकल कलेज, भलुही (रुपन्देही) पठाइएको प्रहरीले जनाएको छ ।

घटनापछि जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक अनुपम श्रेष्ठको कमाण्डमा प्रहरी टोली खटिएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कतारमा मनाइयो बुद्ध जयन्ती



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २ जेठ

शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको २५६९औं जन्म जयन्ती कतारमा भव्यरूपमा मनाइएको छ । गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) र नेपाल आदिवासी जनजाति महासंघ, कतारको समन्वयमा कतारमा स्थापित विभिन्न ७० संघसंस्थाको संयुक्त आयोजनामा बुद्ध जयन्ती मनाइएको हो । संघका अध्यक्ष रमेश भट्टको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा नेपाली राजदूतावासमा शुक्रबार बिहान बुद्ध जयन्ती मनाइएको हो ।

धर्म गुरुहरू ङवाङ सोइपा मनाङथेन तामाङ, सूर्यमान तामाङ, चन्द्र लामा, बेन्दे लामा र सुशीला पाखिन तामाङले मोवम मन्त्रसँगै त्रियुगा बन्धन गरेपश्चात् राष्ट्रिय गानसहित कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि पौडेलले बुद्ध सन्देशलाई अनुसरण गर्दै अगाडि बढ्नका लागि प्रेरित हौं भन्ने शुभेच्छा प्रकट गरेका थिए । कार्यक्रमको समापन गर्दै सभापति भट्टले बुद्धको देशमा जन्मिएका नेपाली शान्तिका दूत रहेको बताए । उनले बुद्धका वाणी व्यावहारिकरूपमा अनुसरण गर्नुपर्ने बताए ।

नेपाल जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठले स्वागत मन्तव्य सहित बुद्धका बारेमा जानकारी दिएका थिए भने प्रतिनिधा मन्तव्यका रूपमा आफ्नो शुभकामना मन्तव्य राख्दै एनसीसी कतारका सल्लाहकार डिएन मगरले बुद्धलाई विश्वले आफ्नो आइडल मानिरहँदा नेपाली नै बुद्ध ज्ञानको अनुकरण गर्न चुकिरहेको बताए । महासंघ कतारका महासचिव हरि महतो र एनसीसी कतारका सचिव सन्तोष क्षेत्रीले मिलेर कार्यक्रममा सहजीकरण गरेका थिए ।

कार्यक्रममा नेपाल मगर संघ शाखा कतार, किरात याक्युङ चुम्लुङ शाखा कतार, तमु (गुरुङ) समाज, किरात राई यायोक्खा शाखा कतार, थारु कल्याणकारिणी सभा च्याप्टर कतार, सुनुवार सेवा समाज, प्रवासी भुजेल समाज, नेवा पुचः, नेपाली धानुक समाज, शेर्पा संघ, नेपाल प्रवासी तामाङ समाज र नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति कतारले पूजा अर्चनाको व्यवस्थापन गरेका थिए।

# ९ महिनामा १ हजार बढी सवारीसाधन कारबाहीमा




**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २ जेठ

हिमाली जिल्ला डोल्पामा सवारी साधनको अनुगमन तथा ट्राफिक नियम उल्लंघन गर्ने विरुद्धको कारबाहीबाट ९ महिनाको अवधिमा ११ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ । जिल्ला ट्राफिक कार्यालय डोल्पाका निमित्त प्रमुख विष्णु थापाका अनुसार, चालू आर्थिक वर्षको साउन महिनादेखि चैत्र महिनासम्म जिल्लाभर १ हजार २ सय ९६ वटा सवारीसाधन कारबाहीमा परेका छन् ।

ती कारबाहीहरूबाट जम्मा ११ लाख २६ हजार ५ सय रुपैयाँ बराबरको राजस्व संकलन गरिएको छ । थापाका अनुसार साउन महिनामा १ सय ६७ सवारीसाधन कारबाही भइ १ लाख ६६ हजार रुपैयाँ राजस्व संकलन गरिएको थियो ।

त्यसपछिका महिनाहरूमा भदौमा १ सय ५५ सवारीसाधन कारबाही भइ १ लाख ५२ हजार, असोजमा १ सय ६५ सवारीसाधन कारबाहीबाट १ लाख ५८ हजार ५ सय, कात्तिकमा १ सय ५२ सवारीसाधनको कारबाहीबाट १ लाख ३२ हजार, मंसिरमा १ सय १२ सवारीसाधन बाट ९७ हजार ५ सय, पुसमा १ सय ५२ सवारीसाधनको कारबाहीबाट १ लाख २९ हजार ५ सय, माघमा १ सय २२ सवारीसाधनको कारबाहीबाट ९४ हजार ५ सय, फागुनमा १ सय १५ वटा सवारीसाधनको कारबाही बाट ८७ हजार ५ सय र चैत्रमा १ सय ५६ वटा सवारीसाधनको कारबाही बाट १ लाख ९ हजार रुपैयाँ राजस्व संकलन गरिएको हो ।

सवारीसाधन प्रकार अनुसार हेर्दा सबैभन्दा धेरै कार/जिप तथा मोटरसाइकलहरू कारबाहीमा परेका छन् । ट्राफिक कार्यालयका अनुसार कारबाहीका मुख्य कारणहरूमा बिना कागजात सवारी चलाउने, नियम उल्लंघन गर्ने, क्षमता भन्दा बढी सामान बोक्ने, सवारी साधनको अवस्था जाँच नगरी प्रयोगमा ल्याउने लगायतका रहेका छन् ।

निमित्त प्रमुख थापाले नियमित अनुगमनलाई अझ प्रभावकारी बनाउँदै ट्राफिक सचेतना अभिवृद्धिका कार्यक्रमहरू पनि सञ्चालन गरिने जानकारी दिएका छन् ।

जिल्ला ट्राफिक कार्यालय डोल्पाका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ९ सय ६८ सवारीसाधन कारबाही गरी ८ लाख ४९ हजार ५ सय , आर्थिक वर्ष २०७८/०७९ मा १ हजार ४ सय ६९ सवारीसाधन कारबाही गरी १३ लाख ४२ हजार ५ सय, आर्थिक वर्ष २०७९/०८० मा १ हजार ४ सय ३ सवारीसाधन कारबाही गरी ११ लाख ३९ हजार र आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ५ सय ८७ सवारीसाधन कारबाही गरी १२ लाख ४१ हजार ५ सय रुपैयाँ बराबरको राजस्व संकलन गरिएको थियो ।

यो वर्षको वार्षिक राजस्व संकलन विवरण असार अन्तिममा सार्वजनिक हुनेछ । जिल्ला ट्राफिक कार्यालयले महिनै पिच्छे सवारीसाधनको कारबाही संख्या र राजस्व संकलन विवरण कार्यालयमा सार्वजनिक गर्ने गरिरहेको छ ।

२०७५ सालमा राष्ट्रिय सडक सञ्जाल सग जोडिएसँगै डोल्पा जिल्लाका विभिन्न भागहरु समेत सडक सञ्जालले जोडिएका छन् । सडक सञ्जालसँग जोडिए लगत्तै जिल्लाभित्र दैनिक सवारीसाधनको चाप बढिरहेको छ । जिल्ला र जिल्लाभित्रका ग्रामीण सडकमा सञ्चालन हुने अधिकांश सवारीसाधन विनाअनुमति सञ्चालन भएको पाइएको छ ।

UAE मा रोजगार
कम्पनी: 800TEK FACILITIES MANAGEMENT L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/११/१३ चलानी नं.: ६०२१५४७८ L.T. No.: 300591 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 100 | 100 | सम्बन्धित काममा दक्ष | 800 | २९७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Rope Access Cleaners (Level 1) | 60 | 0 | | 1300 | ४८३४७ | | | | | | | |
| 3. | Rope Access Cleaners (Level 3) | 10 | 0 | | 2400 | ८९२५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १० गते (24 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SECURE NEPAL JOB PLACEMENT PVT . LTD.
श्रम इजाजत नं.: १६४८/०८०/०८१
Sinamangal-09, Kathmandu, Nepal,Tel: 015919873. | Email: info@securenepaljobs.com


पुस्तक समिक्षा

# ‘पसिनाको क्यानभास’मा अमूर्त शब्दचित्र

*कवि कृसु अधिक कवितामा बिम्बात्मक प्रस्तुतिमा रुचि राख्छन् । यस्ता बिम्ब निर्माणमा कतै अलिक दुर्बोध्य र कतै शालीन बन्छन्...*



■ चन्द्र खड्का




केही समयअघि बजारमा आएको एउटा कविता कृति पढें । विविध बाध्यताले प्रवासिएकाहरूको पसिनाको गन्ध मन्दमन्द भेटिने अलिक प्रेमिल काव्यशृंखलाझैं लाग्छ यो कृति ।

यस कृतिका सर्जक कवि कृसु क्षेत्री हुन् भने प्रकाशक शिखा बुक्स हो । साहित्यिक लेखनमा निकै सक्रिय देखिने कृसु सामाजिक संजालका माध्यमले अपडेट भइरहन्छन् ।

प्रस्तुत कृतिमा फरक खालका प्रेमका सन्दर्भहरू भेटिन्छन् । कहीँ आत्मिक, कहीँ भौतिकका साथै श्रम र देश अनेक प्रकारका प्रेमका फूलहरू अक्षरमा प्रस्तुत गरेका छन् कविले । उनकी आफ्नै जीवनसंगिनीप्रति भनिए पनि तमाम प्रवासी, सीमान्तकृत, देशको मायाले द्रविभूत मनहरूप्रति समर्पित कृति हो- ‘पसिनाको क्यानभास ।’

अधिकांश छोटा आकारका ६१ थान कविताको संग्रह हो यो । प्रा. डा. लक्ष्मणप्रसाद गौतमको करिब १७ पृष्ठ लामो विश्लेषणात्मक भूमिकाबाट कृति सुरु हुन्छ । कविले पहिलो कवितामा आध्यात्मिक आद्य बिम्ब महादेवलाई सन्दर्भित बनाएका छन् । आफूलाई सृष्टिकै पहिलो प्रेमीको संज्ञा दिँदै सतीदेवीको प्रेममा निर्लिप्त महादेवका रूपमा चित्रण गरेका छन् ।

असभ्य, असंस्कृत, सन्की, पागल प्रेमी आफूलाई पत्नीले गरेको अपार मायाबाट अनौठो आत्मिक शक्ति प्राप्त गरेको ठानेका छन् ।

कुहुँदै झरेका अंगअंगबाट पनि बेपर्वाह प्रेमको अनुपम सुवास अनुभूत गर्ने कविले सृष्टिको पहिलो प्रेमकाव्य रचना गरेको बताएका छन् ।

आकारमा सानो भए तापनि प्रभाव गतिलो देखिन्छ कृतिको दोस्रो कविता ‘रूख र मान्छे’ शीर्षकमा । कल्पनाशीलताको राम्रो नमुना छ यस कवितामा । मूक वस्तु हुनाले नै मान्छेले सिँयालमा बसेर त्यसैको हाँगा छिमल्दै त्यही रूख काट्ने बञ्चराको बिँड बनाउने गरेको व्यंग्य सटीक लाग्छ । कविले आजका मान्छेमा हुने स्वार्थी प्रवृत्तिलाई बिम्बात्मक रूपले कटु सत्य प्रस्टचाएका छन् ।

कवि कृसु अधिक कवितामा बिम्बात्मक प्रस्तुतिमा रुचि राख्छन् । यस्ता बिम्ब निर्माणमा कतै अलिक दुर्बोध्य र कतै शालीन बन्छन् । ‘विरोधाभास’मा मिथझैं बनेको नांगो शासकको बिम्ब सम्प्रेष्य लाग्दैन तर ‘जुकाको देश’मा सहज, शालीन र भव्य लाग्छ ।

देशलाई खोक्रो बनाउन उद्यत् शासकहरू जुकाझैं ढाडिएर मात्रै छाड्ने गरेको वर्तमान नेपाली समाज दृष्टान्त हो । लगभग त्यही विषयलाई ‘मुर्दा’ शीर्षकको कविताबाट पनि पुष्टि गर्न खोजिएको देखिन्छ ।

संग्रहभित्र अधिक रचना प्रेम विषयक छन् । कवि आफ्नो प्रेम अजर अमर भएको हेर्न चाहन्छन् । आफ्नी प्रेमिका जस्तो अरू कोही नहुन् र सृष्टिकर्ताको हात काटेर उनी जस्तै प्रतिरूप सृष्टि हुनै रोक्न इच्छा प्रकट गर्छन् ।

अतिआलोचनाको विषय बनिरहेको हुन्छ प्रायः भ्यु टावरको सन्दर्भ । यसले समृद्धिको नाममा विकृति थपेको र एक नागरिक जीवनभर संघर्ष गरेर मर्दा संस्कारअनुरूप लास जलाउन दाउर ासमेत किन्ने सामर्थ्य नभएकाहरूप्रतिको व्यंग्य ठान्छन् कवि ।

कविमा पुरुष अहं छ तर नारीका अघि नतमस्तक छ ।

> *‘मुग्लान’, ‘द्वन्द्व’, ‘बलात्कारी पुरुषका नाममा’, ‘एउटा पान्थरे लिम्बू’ जस्ता कविताहरूको काव्यिक उच्चताले पाठकमा दरिलो छाप छाड्छन्...*

पितृसत्ताका कारण आफू पुरुषको रूप आरूढ हुँदा सायद नारी हृदयमा प्रेमको सागर हुने भएकाले अविजित रहने गरेको स्वीकारेका छन् ।

समानताको नारा रटेर परम्परागत सोच र व्यवहारमा परिवर्तन नगर्नेहरूलाई व्यंग्यको झटारो कस्छन् । ‘म पति’, ‘तिमी पत्नी’ २ फरक शीर्षक भए पनि विषयको चुरो, भन्न खोजेको कुरो एउटै छ ।

कालीगण्डकी सभ्यता हो । पवित्रता र संघर्षको पर्याय हो । हिमालदेखि बग्दै पत्थरलाई शालिग्राम बनाउने कर्मी हो । फराकिलो फाँटबाट गल्छीको गर्भभित्रबाट निस्कँदै मानव मनको मैलो धोएर आफूलाई कालो बनाएर चुपचाप आफ्नै लयमा बगिरहने नियति हो कालीगण्डकी ।

सभ्यता, संस्कृति भुलेर दोहनमा आफूलाई विजयी ठान्ने मानवहरूलाई विकासका नाममा प्रकृतिको विनाश रोक्न ‘कालीगण्डकीको आह्वान’ छ । प्रकृति मानव जातिको रक्षाका लागि हो र यसको संरक्षण हाम्रो उत्तरदायित्वका रूपमा बुझ्न जरुरी देखाइएको छ ।

‘मासिकस्राव’ नियमित प्राकृतिक प्रक्रिया हो । यसलाई रोक्नु वा नबुझ्नु अबोधपनबाहेक केही हुन सक्दैन । आजको जमानामा सुनिता विलियम्स ९ महिना अन्तरिक्षमा बसेर आइसकेकी छन् । तथापि, नेपाली समाजमा छाउपडीमा रहँदा सर्पले टोकेर र हिंस्रक जनावरले घिस्याउन सुतेकै ठाउँमा आइपुगेको समाचार लेख्नु, पढ्नुपर्छ ।

कवि कृसु मासिकस्रावलाई सृष्टि सौन्दर्यको उत्सव मान्न आग्रह गर्छन् । महिलाको अवस्थाका बारेमा कवि कुन्ता शर्माका शब्दलाई सापटी लिएर प्रतिक्रियास्वरूप हिजोको समयमा परिवर्तन आइरहेको दाबी गर्छन् ।

अघिल्लो पुस्तामा यसको अवशेष रहे तापनि वर्तमान समाज समतामूलक बन्दै गएको सन्दर्भ ‘अन्योल’मा व्यक्त गरेका छन् ।

कवि कृसुले कृतिमा उल्लेख्य सन्दर्भ प्रायशः स्वयंलाई विषयवस्तु बनाएका छन् । आफू पुरुष हुनुले विपरीत लिंगीप्रतिको आकर्षण चुम्बकको नियमझैं ठान्छन् ।

‘नयाँ वर्षको प्रतिबद्धता’मा कहिल्यै पूरा नहुने योजनाहरू बुनिने बताउँछन् । परिवारलाई समय दिने, नित्यकर्ममा ध्यान दिने, अन्य स्त्रीमोह त्याग्ने, आफ्ना सबै खराब लत छाड्ने घोषणा आफू विलयन सिद्धान्तको कविले समेत सम्मिलन गर्न नसकेकामा ग्लानिबोध गरेका छन् ।

मूलतः कविले व्यक्तिगत स्वार्थबाट माथि उठ्न नसक्ने आममानिसलाई जागृतिको सन्देश दिन खोजेका छन् ।

कवि कृसु बारम्बार प्रेमको परिभाषा दिन उद्यत् छन् । उनी कहिले मिलनमा भन्दा वियोगमा असली प्रेम भेटिने कुरा गर्छन् । कहिले उक्लनै नसकिने शिखर, अथाह सागर, अनन्त आकाश र स्पर्श गर्न नसकिने प्रेमसँग तुलना गर्छन् ।

वास्तवमा धरतीको एक मात्र अनुत्तरित प्रश्न, अपरिभाषित एवं अपरिमेय वस्तु प्रेम रहेको निष्कर्षमा कृसु पुग्छन् । झन्डै १ दर्जन लामा-छोटा कविताका शीर्षक र विषय सन्दर्भ ‘प्रेम’मा केन्द्रित छन् ।

आफू जन्मे, हुर्केको माटो हरकोहीलाई अविष्मरणीय लाग्छ । कवि कृसुले नेपालको पूर्वी भूगोलको माटोको सुगन्ध खोजेका छन् । ‘एउटा पान्थरे लिम्बू’मा पहिचानको खोजी, विचलन, पुस्तान्तरको सन्दर्भ खोतल्दै विकृतिको चिरफार र नयाँ पिँढीलाई सकारात्मक एवं उत्प्रेरणात्मक सन्देश दिन खोजिएको छ ।

कविले कवितामा आयामेली सन्दर्भ, मुन्धुम, याक्थुङ र सिरिजङ्गा लिपिसँगै हाक्पारे र पालामको जीवन्तता पस्केका छन् । हरेक कुराको अन्त्य हुने भएकाले रूप, बैंस, चर्चा-परिचर्चाको पनि सीमा हुने तथ्यलाई अर्को शीर्षकमा समेटिएको छ ।

समग्रमा, कवि कृसुलाई ‘पसिनाको क्यानभास’मा हेर्दा सर्वाधिक विषय प्रेममा अल्झिएका देखिन्छन् । देश, परदेश, लोकतन्त्र, शासक, कुशासक-प्रशासक, जाति, धर्म, मिथक, श्रमिक र श्रमजीवी, लैंगिकता जस्ता विषय समेटिएका छन् ।

लैंगिकतामा पनि खुलेरै गे-लेस्बियन-ट्रान्सजेन्डर जस्ता एलजीबीटीक्यूका सामयिक सन्दर्भ छुटेका छैनन् । विसंगति र विकृतिका पहाडलाई सुन्दर ढंगले उधिनेका छन्, जसमा चाहे नाबिलकाहरू हुन् वा वृद्धा हजुरआमाहरू बलात्कारका सिकार हुन पुगेका पीडादायी विषयले मथिंगल सलबलाउँछ ।

समाजमा नकारात्मक विषयको खेती गर्नुभन्दा आशावादी जीवनदृष्टि प्रस्तुत गर्न कवि आह्वान गर्छन् ।

६१ थान कविताको संग्रहमा पस्किएका केही कविता अलिक सतही लाग्छन्, जसले कृतिको आकार बढाउनबाहेक विशेष अर्थ राख्दैनन् । तथापि, अधिक कवितामा आएका बिम्ब, मिथकको पुनः सृजना र सामयिक सन्दर्भले पाठकलाई गहिरो छाप र सन्देश सम्प्रेषण गर्न सफल छन् ।

मूलतः ‘मुग्लान’, ‘द्वन्द्व’, ‘बलात्कारी पुरुषका नाममा’, ‘एउटा पान्थरे लिम्बू’ जस्ता कविताहरूको काव्यिक उच्चताले पाठकमा दरिलो छाप छाड्छन् । १० वटा कृति प्रकाशन र उति नै संख्यामा सम्पादन गरेका कृसु दर्जनौं साहित्यिक पुरस्कार र सम्मान पाउनुका साथै प्रबल जनसेवाश्रीले विभूषित भइसकेका छन् ।

रसिक कविको छवि बनाएका उनीबाट गहकिला आकार र फरक स्वादका सिर्जना पाठकका लागि निरन्तर अपेक्षित रहने छन् ।

# मौसम र जवानी भर नहुने !

निबन्ध



■ विदुर दाहाल

> *पुरुषलाई सधैं दोषी देख्ने र महिलालाई निर्दोष बनाउने समाजले समाधान होइन, समस्या बढाउँछ । यौनमा सहभागी महिला पनि हुन्छन् । तर, समाज पुरुषलाई मात्र दोषी देख्छ । यो अन्याय हो...*

मौसम अकस्मात बदलिन्छ । पानी पर्छ, फेरि घाम लाग्छ । मौसमको भर हुँदैन । जवानी पनि त्यस्तै हो । क्षणभरमै यता-उता पल्टिन्छ । उथलपुथल हुन्छ । त्यसैले, भन्ने गरिन्छ, ‘मौसम र जवानीको भर हुँदैन ।’

केही समय अगाडि डिजिटल प्लेफर्ममा एउटा आलेख पढें, जुन मानिसहरूले रुचाइएको देखिन्थ्यो । ३ हजारदेखि ३५ सय शेयर भएको थियो । आलेखमा समाजमा फैलिएको विकृतिको मूल जड पुरुषलाई ठानिएको थियो । पढ्दापढ्दै मनमा प्रश्न उठ्यो- रक्सी, चुरोट, जुवा, तास वा भ्रष्टाचार आदि केबाट विकृति भित्र्याए ? खुल्दुली लिँदै लेख पढें ।

लेखमा भनिएको थियो- पुरुष परस्त्रीसँग लागे, घर बिग्रियो, समाजमा विकृति आयो । मनले तुरुन्तै प्रतिवाद गऱ्यो- प्राकृतिक यौनका लागि महिला पनि चाहिन्छ । तर, लेखमा महिलाको पक्ष मौन थियो । दोष मात्र पुरुषलाई थोपरिएको थियो ।

एउटा कोणबाट पुरुष जिम्मेवार हुनु जरुरी छ । जिम्मेवारी पुरुषको मात्र हुँदैन । प्राकृतिक यौनका लागि पुरुष एक्लैले केही गर्न सक्दैन भन्ने कुरा यथार्थ हो ।

सामान्यतः गैरजिम्मेवार पुरुषबाहेक अरू पुरुष आफ्नो घर बिगार्न चाहँदैनन् । उनीहरू सामाजिक जिम्मेवारीले थिचिएका हुन्छन् । रुन र हाँस्नसमेत पटक-पटक सोच्नुपर्छ उसले । कर्तव्य र जिम्मेवारीले थिचिएको पुरुषलाई मात्र यौनका बिषयमा दोष लगाएको अलि सुहाएन ।

पुरुषले चाहँदैमा श्रीमतीबाहेकको यौन सजिलै उपलब्ध हुँदैन । सहमति अनिवार्य हुन्छ । त्यसैले, यौनको सवालमा दोष एकतर्फी लगाउनु असन्तुलित दृष्टिकोण हो । फ्रायडको यौन मनोविज्ञान र मास्लोको आवश्यकता सिद्धान्त सम्झिँदा, यौन मानव जीवनको आधारभूत चाहना हो । महिला र पुरुष दुवैमा जवानीको समयमा यौन चाहना उत्तिकै हुन्छ । प्रस्तुतिमा मात्र फरक हुन्छ- पुरुष आक्रामक, महिला सुषुप्त । फरक त्यत्ति हो ।

पुरुषले जबरजस्ती गर्न सक्छ तर सहमतिबिना शारीरिक सम्पर्क असम्भव हुन्छ । त्यसमा महिलाको पनि जिम्मेवारी हुन्छ । पुरुषको प्रलोभनमा संकेत दिने महिला नै हुन् । एउटी वयस्क माहिला पुरुषजत्तिकै क्षमता र बुद्धि भएकी हुन्छिन् भन्ने ठानिन्छ ।

धेरैजसो अवस्थामा महिलाको भूमिकामा बहस नै हुँदैन । बिदेसिएका श्रीमान्को अनुपस्थितिमा महिलाले आफ्नो यौनिक आवश्यकता पूरा गरेको सन्दर्भचाहिँ आउँदैन । प्रश्न उठाइँदैन । समाजको पुरुषले मात्र घर बिगार्छन्, यौनका मामिलामा पुरुष खराब हुन् भन्ने दृष्टिकोण असन्तुलित छ ।

यौनिक चाहना दुवै लिंगको हो । पुरुष मात्र दिनरात यौन सोचिरहन्छन् भन्नु सत्य होइन । महिला पनि त्यस्तै सोच्छन् । यौनका लागि पुरुष मात्र दोषी भन्ने सोचमा सत्य छैन ।

यौन प्राकृतिक कुरा हो । यसलाई दबाउँदा कुण्ठा र विकृति जन्मिन्छ । पूर्वीय समाजको आदर्श कल्पना गर्ने अनि व्यवहारमा पश्चिमी स्वच्छन्दता देखाउने ! हुनत हाम्रा पूर्वीय दर्शन कृष्ण चरित्र तथा महाभारतमा पनि यौनका रोचक प्रसंग नभएका होइनन् । त्यहाँ पुरुष मात्र दोषी देखिँदैनन् ।

पुरुषलाई सधैं दोषी देख्ने र महिलालाई निर्दोष बनाउने समाजले समाधान होइन, समस्या बढाउँछ । यौनमा सहभागी महिला पनि हुन्छन् । विवाहित वा अविवाहित । तर, समाज पुरुषलाई मात्र दोषी देख्छ । यो अन्याय हो ।

लेखाइको मूल सन्देश यत्ति हो कि यौन सम्बन्ध परस्परिक हुन्छ । एक पक्षलाई दोष लगाएर समस्याको समाधान हुँदैन । यौन सम्बन्ध चेतना, भावना र परिस्थितिसँग जोडिएको हुन्छ । एक पक्षीय दोषारोपणले यो घट्दैन । पुरुष मात्र होइन, महिला पनि त्यत्तिकै जिम्मेवार हुन जरुरी छ यस मामिलामा ।

कविता

## गाउँको चौतारो



टहल दाहाल 'नवकिरण'

जिउँदो इतिहास बनेर
अझै बाँचिरहेको छु
म गाउँको चौतारो ।

युगौं युगदेखि
यही चौतारोमा बसेर मान्छेहरू
दुःख सुसेलिरहेछन्
सुख मुस्कुराइरहेछन्
मेरै वात्सल्यमा
भरियाहरू आफ्नो तोक्मा अडचाउँछन्
र, जिन्दगीको थकाइ मार्छन् ।

पीर-व्यथाका
पोका पन्तराहरू मात्र खोल्दैनन् दुःखीहरू
जहाँ काउकुती लाग्ने
मारुनी भाकाहरू हाल्छन्
गीत गाइरहने गीतांगेहरू ।

यही चौतारोमा बसेर
कैयन् वीर वीरांगनाहरूले
मुक्तिको आवाज बुलन्द गरे
महान शहीदहरूले
अव्यवस्थाको कालरात्रि ढाल्ने प्रण गरे

आऊ, बस मेरो काखमा
जहाँ बसेर
आमा पिरोल्नेका विरुद्धमा मुट्ठी कस
एक पटक सम्झाऊ
दूधको भारा तिर्न बिर्सिएकाहरूलाई ।

नमेट मेरो अस्तित्व
जोगाऊ कुमारी छोरीको जस्तो
मेरो अस्मिता ।

नसोच्नू
प्राणहीन मलाई
म पनि स्वास फेर्छु मान्छेले झैं
मेरो पनि मुटु दुख्छ मान्छेको झैं
खुसी हुने मन छ सुखमा
तिम्रो ममता मेरो अस्तित्व
मेरो प्रेम तिम्रो जीवनसार ।

ममा कहिल्यै चुलिएन अहंको चुली
मारियाना ट्रेन्च जस्तो
गहिरो विभेदको खाडल
वर्ग विभाजनको गुन्जायस छैन ममा ।

म एक प्राचीन चौतारो
म एक आदि सत्य
जिउँदो-जाग्दो इतिहास ।

मान्छेको आँसु
मान्छेको हाँसो
म बुझ्दछु जीवनको मूल्य ।

घामपानी, हावाहुरी
असिना, वर्षात्
कसले छ र मैलेजति झेलेको ?

ओ मान्छे !
तिमी चन्द्रमामा पुगेको दम्भ पालेर मनमा
आफ्नै सभ्यताको जरोमा आगो नझोस
शहरिया भएको स्वाङ पार्दै
नबिर्स मेरो काख
नबिर्स गाउँको चौतारो ।

गजल



राधा कणेल

अनेकौं छन् नयाँ औजार, के चुन्छौ ?
अचानो भै नलाग्ने धार, के चुन्छौ ?


यता माया छ माया, मात्र माया छ
उता मिल्ने छ सुनको हार, के चुन्छौ ?

म पूजा प्रेमको गर्ने, पुजारी हुँ
बताऊ प्यार वा संस्कार, के चुन्छौ ?

यहाँ हिटलर, अलेक्जेन्डरको खाँचो छ
बिनासंग्राम भएको हार, के चुन्छौ ?

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
३ जेठ २०८२ शनिबार
17 May 2025, Saturday

# 'प्रतिवैरम' निर्माण हुने




**काठमाडौं/मस–** निर्देशक रोशन दासको निर्देशनमा नयाँ फिल्म 'प्रतिवैरम' निर्माण हुने भएको छ । शुक्रबार आयोजित विशेष कार्यक्रममा फिल्मको औपचारिक घोषणा गर्दै पोस्टर सार्वजनिक गरिएको छ ।

मधेश क्षेत्रको कथामा आधारित रहने फिल्मले सामाजिक र राजनीतिक विषयवस्तु समेट्ने निर्माण पक्षले जनाएको छ । सार्वजनिक पोस्टरमा रावणको छाया पृष्ठभूमिमा देखिन्छ भने अगाडि एक व्यक्ति उभिएको छ, जसले कथावाचनको गहिरो संकेत दिन्छ ।

निर्देशक दासका अनुसार अहिलेसम्म मधेशलाई केन्द्रमा राखेर बनेका फिल्महरूमा न त्यस क्षेत्रको मौलिकता देखिन्छ, न त वास्तविक समस्या उजागर हुन्छ । 'प्रतिवैरम' भने ती अभाव हटाउने उद्देश्यले तयार पारिएको हो ।

'हामीले हाम्रो कथामा मधेशको यथार्थ बोलोस् भन्ने सोचले काम गरिरहेका छौं', दासले भने ।

रेज इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा आत्रेय प्रोडक्सन हाउस, किङ्स वाईटी स्टुडियो र श्रीयन इन्टरटेनमेन्टको सहकार्य रहने छ ।

फिल्मको मूल कथा निर्देशक दासले नै तयार पारेका हुन् भने पटकथा युवराज भट्टराईले लेखेका छन् । निरज कँडेलले छायांकनको जिम्मेवारी सम्हाल्ने छन् । कलाकारहरूको नाम छिट्टै सार्वजनिक गरिने बताइएको छ ।

निर्देशक दासका अनुसार फिल्ममा केही नयाँ अनुहारसहित अनुभवी कलाकारहरू पनि देखिने छन् । फिल्म सन् २०८२ को अन्त्यतिर प्रदर्शन गर्ने योजना रहेको निर्माण पक्षले जनाएको छ ।

# षट्कोण आर्ट्सले घोषणा गऱ्यो 'लालीबजार'


**काठमाडौं/मस–** 'जात्रा' शृंखलामार्फत स्थापित भएको ब्यानर षट्कोण आर्ट्सले नयाँ फिल्म 'लालीबजार' घोषणा गरेको छ । 'जात्रा', 'जात्रै जात्रा', 'महापुरुष' र 'महाजात्रा' निर्माण गरेर दर्शक र प्रदर्शकको विश्वास जितिसकेको उक्त ब्यानरले पहिलो पटक बाहिरी निर्देशकसँग काम गर्न लागेको हो ।

फिल्मका लेखक तथा निर्देशक यम थापा छन् । फिल्मलाई रवीन्द्रसिंह बानियाँ र म्याक्स दीपेश खत्रीले निर्माण गर्दै छन् भने यस फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् ।

निर्माता बानियाँले षट्कोण आर्ट्सले स्क्रिप्टकै खोजीका क्रममा निर्देशक थापासँग सहकार्यको सुरुवात भएको बताए । उनले भने, 'हामी अन्य लेखक तथा निर्देशकसँग सहकार्य गर्न छलफलमा थियौं । राम्रो कथा दर्शकसम्म जानबाट बञ्चित नहोस् भनेर हामीले केही लेखक तथा निर्देशकसँग सहकार्यका लागि छलफल गरेका थियौं । सोही क्रममा निर्देशक थापाले पठाउनुभएको स्क्रिप्टले हामीलाई आकर्षित गऱ्यो । उहाँले स्क्रिप्ट लिएर काम गर्नुस् भन्नुभएको थियो तर हामीले नै निर्देशन गर्न आग्रह गऱ्यौं ।'

निर्माता बानियाँले फिल्म घोषणासँगै रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट)ले तयार पारेको 'मिनिमल पोस्टर' पनि सार्वजनिक गरेका छन्, जहाँ कलाकारको अनुहार नराखी पात्रको परिचय दिइएको छ ।

'लालीबजार'का लागि तयार गरिएको कन्सेप्चुअल मिनिमल पोस्टरमा शीर्षकको अक्षरविन्यासमा एक प्रकारको खस्रोपन र विशेष बनावट देखिन्छ, जहाँ रातो थोप्लालाई टिकुलीको रूपमा प्रस्तुत गरिएको छ । यसले शीर्षकमा नै कुनै द्वन्द्व वा कथा लुकेको संकेत गर्छ ।




एक पुरानो परम्परागत चुरालाई फूलको बुट्टासहित गोलो आकारमा स्केच गरिएको छ । यो गोलाकार चुराभित्र एउटा चम्किलो रातो लिपस्टिक ठाडो अवस्थामा रहेको छ भने एउटा गोली तेर्सो परेर लडिरहेको देखिन्छ । भीमसेनका अनुसार, यी तत्वहरूको संयोजनले गहिरो लुकेको अर्थ बोकेको छ र चुराको गोलाबाट बाहिरतिर उडिरहेका चराहरूले आशा र स्वतन्त्रताको अनुभूति दिलाउँछन् ।

'लालीबजार'का लागि कलाकार छनोट प्रक्रियामा रहेको निर्माता बानियाँले जानकारी दिएका छन् । उनले आगामी दसैंलगत्तै चलचित्रको छायांकन गरिने जानकारी दिए ।

षट्कोण आर्ट्सले एकल निर्माता भएर निर्माण गरिरहेको 'लालीबजार' पाँचौं फिल्म हो । यसबाहेक 'टलकजंग भर्सेस टुल्के', 'डाकिनी', 'सुपर मंक'लगायतका फिल्ममा अन्य ब्यानरसँग सहकार्य गरेको छ ।

# 'के घर के डेरा : घर नं. २'लाई हलमा पनि तारिफ



**काठमाडौं/मस–** चलचित्र 'के घर के डेरा : घर नं. २'ले राम्रो वर्ड अफ माउथ पाउन थालेको छ । शुक्रबारदेखि रिलिज भएको चलचित्रले सकारात्मक वर्ड अफ माउथ पाउन थालेको हो ।

'बिहानभन्दा बेलुकाका शोमा दर्शकको संख्या धेरै देखिन थालेको छ । बिहानभन्दा बेलुका उच्च अकुपेन्सी देखिएको छ', निर्देशक दीपेन्द्र के खनालले भने, 'वर्ड अफ माउथ बलियो हुँदै गएको छ । हेर्नेजति दर्शकले सिनेमा राम्रो रहेको बताउनुभएको छ ।'

कसरी जिन्दगी जिउने भन्ने सिनेमामा रहेको र त्यही नै सिनेमाको सबैभन्दा राम्रो पक्ष रहेको भन्दै दर्शकले तारिफ गरिरहेका निर्देशक खनालले बताए ।

प्रिमियरमा हेर्ने दर्शकले जसरी सिनेमा मनपराएका थिए, त्यस्तै नियमित शोमा पनि सिनेमा मनपराइरहेका उनले बताए । 'हाम्रो सिनेमाको सबैभन्दा सशक्त पब्लिसिटीको टुल्स नै दर्शकको प्रतिक्रिया हो', निर्देशक खनालले भने, 'हामीले जे विश्वास गरेका थियौं, त्यस्तै भइरहेको छ । दर्शकबाटै हाम्रो सिनेमाको पब्लिसिटी भइरहेको छ ।'

आफूसहितको निर्माण युनिटले राम्रो सिनेमा दर्शकलाई दिएको उनको भनाइ छ । 'हाम्रो कर्तव्य दर्शकलाई राम्रो सिनेमा दिने हो, दियौं', उनले भने, 'अब हामीलाई दर्शकको साथ चाहिएको छ । हेरेर जस्तो लाग्यो, त्यस्तै प्रतिक्रियाको अपेक्षा गरेका छौं ।'

चलचित्रको प्रिमियरमा १८० सर्वसाधारणलाई पास दिएर निर्माण पक्षले चलचित्र हेराएको थियो । यसरी सिनेमा हेर्ने दर्शकले चलचित्रको तारिफ गरेका थिए । मल्टी स्टार रहेको सिनेमा 'के घर के डेरा : घर नं. २' शुक्रबारदेखि प्रदर्शनमा आएको छ ।

दीपेन्द्र के खनालको निर्देशन रहेको चलचित्र उच्च शो र अपेक्षासहित हलमा आएको हो । 'के घर के डेरा : घर नं. २'को कथा साहित्यकार बुद्धिसागरले लेखेका छन् ।

चलचित्रमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, उपासनासिंह ठकुरी, आर्यन सिग्देल, केकी अधिकारी, प्रकाश घिमिरे, सिर्जना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज बिष्टलगायत कलाकारको अभिनय छ ।

चलचित्र एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट तथा नटराज क्रिएसनको प्रस्तुतिमा निर्माण भएको हो । कृष्णबहादुर थापाको सिनेमामा छायांकन रहेको छ । 'के घर के डेरा : घर नं. २'का कार्यकारी निर्माता युवराज कार्की छन् । निर्मातामा नकिम उद्दिन, शरद् श्रेष्ठ र किरण महर्जन छन् ।

# सुरेशको 'केलाई हतार'

**काठमाडौं/मस–** गीतकार सुरेश शिवाकोटीको नयाँ गीत 'केलाई हतार' सार्वजनिक भएको छ । गोविन्द मधुर आचार्य, सुष्मा बीसी र विन्दु बीसीको सामूहिक स्वर रहेको लोकलयको यो गीतमा गोविन्दकै संगीत छ ।

निरेन श्रेष्ठले निर्देशन गरेको गीतको भिडियोमा गीतकार सुरेशसँगै गायक गोविन्द मधुर, मोडलहरू जुना गरुङ, सञ्चिता बोलाखे, गोविन्द विवस, प्रेमराज लामिछाने, सन्देश थापालगायतको अभिनय देख्न सकिन्छ ।

सुरज भुसालको ब्याकग्राउन्ड स्कोर रहेको गीतको भिडियो चक्र बरालले खिचेका हुन् भने विष्णु खड्काले सम्पादन गरेका छन् । एरेन्ज, मिक्सिङ र मास्टरिङ एचबीएन किस्मतले स्टुडियो वनडिबी एचडीमा गरेका छन् । गीत/संगीतमा सधैं रुचि राख्ने शिवाकोटीको यो सांगीतिक कोसेली 'केलाई हतार' गोविन्द मधुर आचार्यको युटचुब च्यानलमार्फत सार्वजनिक गरिएको छ । टिपिकल शब्द चयन र भाषा छनोटमा पोख्त शिवाकोटीको गीत निकै मार्मिक भएको बताइएको छ ।

# 'ऊनको स्वीटर'ले पहिलो साता कमायो ४ करोड

अभिनेता विपीन कार्की र अभिनेत्री मिरुना मगर अभिनीत फिल्म 'ऊनको स्वीटर'ले प्रदर्शनको पहिलो साता घरेलु बक्स अफिसमा सन्तोषजनक कमाइ गरेको छ । फिल्म अहिले दोस्रो सातामा प्रवेश गरिसकेको छ ।

सरकारी बक्स अफिस तथ्यांकअनुसार फिल्मले पहिलो सातामा कुल ४ करोड ४ लाख ७८ हजार २१० रुपैयाँ ग्रस कमाइ गरेको छ । यो आँकडा बिहीबार रातिसम्मको हो ।

दोस्रो सातामा प्रवेश गर्दा फिल्मको शो संख्यामा केही घटबढ देखिएको छ । सुरुवातमा १९० शोमार्फत प्रदर्शनमा आएको फिल्म अहिले ११५ शोमा सीमित भएको छ ।

नवीन चौहानको निर्देशनमा बनेको 'ऊनको स्वीटर' अन्तरजातीय प्रेममा आधारित रहेर कथामा सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक द्वन्द्वलाई चित्रण गर्छ ।

दोस्रो साता सुरु हुँदै ३ वटा नयाँ फिल्महरू प्रदर्शनमा आएकाले 'ऊनको स्वीटर'का लागि शो संख्या र दर्शक उपस्थिति जोगाई राख्ने चुनौती थपिएको छ ।

विपीन कार्की, मिरुना मगर, परीक्षा लिम्बू, एलेक्स पारस, विल्सनविक्रम राई, सुरज तमु, भावना खपांगी मगर, सुनिल पोखरेलको अभिनय छ ।

फिल्मको व्यापारमा यसको गीत, संगीतको ठूलो हात छ । फिल्मको पछिल्लो रिलिज गीत 'चाइनेजो जिन्दगानीमा'ले पनि दर्शकको मन जितिरहेको छ । यसअघि 'फूल, मखमली र काफ्ले'लगायतका गीतले पनि दर्शकको साथ पाइसकेका छन् । फिल्मको टिमले दोस्रो सातामा देशव्यापी भ्रमणसमेत गर्ने भएको छ ।



के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

मनसुनजन्य विपद्बाट बच्ने उपाय
- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपपछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ